नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(......................................................................शाखा)

फोन नं. ४२६२५४०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

प्राप्त पत्र संख्या :-

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ,
काठमाडौं, नेपाल ।

मिति :२०७७/१०/१५

## प्रेस विज्ञप्ति

विषय :-

कोभिड-१९ खोप अभियान अन्तर्गत आज दोस्रो दिन बेलुका ५ बजे सम्म प्राप्त सूचनाको आधारमा ७७ जिल्लामा कुल जम्मा २८,७३२ व्यक्तिहरूले खोप लगाएका छन्। जसमध्ये प्रदेश नं. १ मा ३,८४७ प्रदेश नं. २ मा २,१७४ बाग्मतीमा ११,४६१ गण्डकीमा ४,८५३ लुम्बिनीमा २,३०३ कर्णालीमा १,६७७ र सुदूरपश्चिममा २,४१७ ले खोप प्राप्त गरेका छन्। आजसम्म खोप पाएका व्यक्तिहरू मध्ये कुनै पनि व्यक्तिमा स्वास्थ्य समस्या देखिएको छैन्।

नेपाल सरकारले पहिलो चरणको प्राथमिकतामा परेका व्यक्तिहरू मध्ये हाल प्राप्त खोपको उपलब्धताको आधारमा देहाय बमोजिमका समूहमा पर्ने व्यक्तिहरूलाई मात्रै खोप लगाउने निर्णय गरे अनुसार व्यवस्था मिलाउन सबै खोप समन्वय, अनुगमन तथा व्यवस्थापन गर्ने तोकिएका निकायहरूलाई आवश्यक व्यवस्थापन र अनुगमन गर्ने गराउन हुन अनुरोध छ।

- स्वास्थ्यकर्मीहरू,
- फोहोरमैला व्यवस्थापनमा खटिने फोहर संकलक तथा चालकहरू,
- एम्बुलेन्स तथा शव बाहन चालक तथा सहचालकहरू,
- खोप केन्द्रमा खटीने सुरक्षाकर्मी तथा स्वयं सेवकहरू,
- शव व्यवस्थापनमा प्रत्यक्ष खटिने व्यक्तिहरू,
- महिला स्वास्थ्य स्वयं सेवकहरू,
- अन्तर्राष्ट्रिय प्रवेश विन्दुमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरू,
- वृद्धाश्रममा रहेका व्यक्ति, हेरचाह तथा व्यवस्थापनमा खटीने कर्मचारीहरू,
- जेलमा रहेका कैदी तथा सुरक्षाकर्मीहरू ।

स्वास्थ्यकर्मी भन्नाले परिषदमा दर्ता भई स्वास्थ्य संस्थामा (सरकारी, गैरसरकारी, निजी, आइसोलेसन तथा क्वारेन्टिनमा) कार्यरत प्रत्यक्ष सेवा दिने सेवा प्रदायकहरू, कर्मचारीहरू, कार्यालय सहयोगी, प्रशासनिक कार्यमा संलग्न कर्मचारी र सरसफाईमा संलग्न कर्मचारीहरू, सवारी साधन चालकहरू पर्दछन्। यसैगरी स्वास्थ्य कार्यालय, नगरपालिकामा कार्यरत प्रत्यक्ष उपचार तथा व्यवस्थापनमा खटिने स्वास्थ्य कर्मचारीहरू समेत पर्दछन्।

धन्यवाद।

(डा. जागेश्वर गौतम)
प्रवक्ता

Scanned with CamScanner